# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः २२ नवम्बर २०२५**

*समयः १८:५० - १९:०० बजे*

**मुख्य समाचार**

- निर्वाचन आयोगले पश्चिम बंगालमा जारी (SIR) प्रक्रियाको अवधि contractual कर्मचारिहरुको भागीदारीलाई लिएर एक पल्ट फेरि जिला मजिस्ट्रेटहरुलाई कडा चेतावनी जारी गरेको छ।
- पश्चिम बंगालको सरकारी बिद्यालयहरुमा उच्च माध्यमिक शिक्षकहरुको नयाँ भर्ती प्रक्रियाको अवधि साक्षात्कारका लागि योग्य घोषित 26 अभ्यर्थिहरुको अनुभव प्रमाणपत्र फर्जी पाईएको छ।
- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट खरसाङ नगरपालिका क्षेत्रको लागि पिउने पानीको समस्या समाधान गर्न, अमृत परियोजनाको शिलान्यास गरिएको छ।
- आकाशवाणीद्वारा आयोजित सर्वभाषा कवि सम्मेलन आगामी 23 नोभेम्बरमा दिल्लीमा भव्य रूपमा सम्पन्न हुँदैछ।
- भगवान् श्री सत्य साई बाबाको शतबार्षिकीको पावन अवसरमा सर्वधर्ममा आधारित आध्यात्मिक पत्रीका "साहित्याञ्जली"को आज मिरिकको फुवागडीमा लोकार्पण गरियो।

**ECI-चेताउनी**

भारत निर्वाचन आयोगले पश्चिम बंगालमा जारी विशेष गहन पुनरीक्षण(SIR) प्रक्रियाको अवधि contractual कर्मचारिहरुको भागीदारीलाई लिएर एक पल्ट फेरि जिला मजिस्ट्रेटहरुलाई कडा चेतावनी जारी गरेको छ। आयोगको तर्फबाट अतिरिक्त मुख्य निर्वाचन अधिकारीले सबै जिलाधिकारिहरु, जो संबंधित जिल्लाहरुका निर्वाचन अधिकारी पनि हुन्,उनीहरुलाई नोट पठाएर स्पष्ट निर्देश दिएको छ कि एसआईआर को कुनै पनि चरणमा contractual कर्मिहरुलाई सामेल नगरियोस् ।आयोगले यो चेतावनी तब जारी गरेको हो जब आयोगको संज्ञानमा आएको छ कि केहि जिलाधिकारी अनि जिला निर्वाचन अधिकारीहरुले आयोगको निर्देशहरुको उल्लंघन गर्दै यस प्रक्रियामा contractual कर्मचारीहरुलाई नियुक्त गरिरहेका छन्। नोटमा भनिएको छ कि contractual डेटा एंट्री ऑपरेटर, अन्य संविदा कर्मचारी, बीएसके स्टाफ आदिलाई एसआईआर 2025 को लागि डेटा एंट्री कार्यमा कुनै पनि स्थितिमा लगाउन सकिनेछैन। आयोगले यसलाई स्पष्ट उल्लंघन बताउदै यस्ता मामलाहरुमा संबंधित DEO, ERO अनि AERO हरु बिरुद्ध कार्रवाही गर्ने निर्देश दिएको छ। यस कदमको स्वागत गर्दै पश्चिम बंगाल विधानसभामा नेता प्रतिपक्ष शुभेंदु अधिकारीले आयोगको यस निर्देशलाई अत्यंत महत्वपूर्ण बताउदै यसलाई तत्काल लागू गरिनु पर्ने बताउनुभएको छ।

**पश्चिम बंगाल SSC**

पश्चिम बंगालको सरकारी बिद्यालयहरुमा उच्च माध्यमिक शिक्षकहरुको नयाँ भर्ती प्रक्रियाको अवधि साक्षात्कारका लागि योग्य घोषित 26 अभ्यर्थिहरुको अनुभव प्रमाणपत्र फर्जी पाईएको छ। यो मामला पश्चिम बंगाल स्कूल सर्विस कमीशनको तर्फबाट 18 नवम्बर देखि शुरू भएको दस्तावेज जांचको समय अघि आएको हो। कमीशनका एक अधिकारीले बताए अनुसार जांच प्रक्रिया जारी छ अनि ती फर्जी प्रमाणपत्रहरु अघि आए पछि सबै साक्षात्कार योग्य उम्मीदवारहरुको अनुभव दस्तावेजहरुको अझ अधिक सतर्कतासित जांच गरिँदैछ। यो भर्ती प्रक्रिया त्येस पृष्ठभूमिमा संचालित भैरहेको छ जब यस वर्ष अप्रैलमा उच्चतम न्यायालयको खंडपीठले लगभग 26 हजार नियुक्तिहरु रद्द गरिदिएको थियो। न्यायालयले यो पनि स्पष्ट गरेको थियो कि जुन अभ्यर्थिहरुले पैसे दिएर नौकरी पाएका थिए उनीहरुलाई भर्ती प्रक्रियामा सामेल गरिने छैन। यसै बीच हालैमा प्रकाशित लिखित परीक्षा परिणामलाई चुनौती दिंदै कलकत्ता उच्च

न्यायालयमा दुईवटा याचिकाहरु दर्ता गरिएको छ। पहिलो याचिकामा आरोप लगाईएको छ कि पूर्वमा चिन्हित दागी अभ्यर्थीहरु जसलाई पैसे दिएर नौकरी पाउनेहरुको सूचीमा राखिएको थियो र उनीहरु दोस्रो पल्ट साक्षात्कारको लागि योग्य भएका छन् जो सर्वोच्च न्यायालयको आदेशको उल्लंघन हो। दोस्रो याचिकामा मांग गरिएको छ कि दस अंकको अनुभव वेटेजमा राज्य सरकार द्वारा मान्यता प्राप्त निजी स्कूलहरुमा कार्यको अनुभव पनि सामेल गरियोस् किनभने वर्तमानमा यो लाभ केवल राज्य संचालित स्कूलहरुमा अनुभव भएका अभ्यर्थिहरुलाई प्राप्त हुंदछ ।

## अमृत २.० पिउने पानी परियोजना- शिलान्यास

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट खरसाङ नगरपालिका क्षेत्रको लागि पिउने पानीको समस्या समाधान गर्न, अमृत २.० पिउने पानी परियोजनाको शिलान्यास गरिएको छ। खरसाङको मन्टिभियट खेल मैदानमा आयोजित शिलान्यास कार्यक्रमलाई खरसाङ नगरपालिकाका चेयरम्यान ब्रिगेन गुरुङले अध्यक्षता गरेका थिए भने प्रमुख अतिथिको रुपमा जीटीए प्रमुख अनित थापा उपस्थित रहेका थिए। लगभग २०० करोडको लागतमा निर्माण हुन लागेको अमृत २.० पिउने पानी परियोजनाको पूजा अर्चनासहित धुप दीप प्रज्ज्वलन गरी खरसाङ नगरपालिकाका चेयरम्यान ब्रिगेन गुरुङले नरिवल फुटाएर साथै जीटीए प्रमुख अनित थापाको बाहुलीबाट पर्दा उघारेर शिलान्यास गरिएको छ। कार्यक्रममा विभिन्न सांस्कृतिक र सांगीतिक कार्यक्रमहरु पनि प्रस्तुत गरिएको थियो। यस परियोजनाले खरसाङ नगरपालिका क्षेत्रमा पिउने पानीको आपूर्ति पूरा गरिने आशा व्यक्त गरिएको छ। यस परियोजनाको काम लगभग अढाई वर्षको समयावधिमा समाप्त हुने लक्ष्य राखिएको बताइएको छ। यस परियोजना बारे पत्रकारहरुसित कुराकानी गर्दै खरसाङ नगरपालिकाक उपाध्यक्ष सुवास प्रधानले विस्तृत रुपमा जानकारी गराएका छन्।

## बीएलओ- मृत्यु

नदिया जिल्लाको कृष्णानगरस्थित षष्ठीतला क्षेत्रमा एकजना महिला बीएलओको संदिग्ध परिस्थितिमा मृत्यु भएको छ। मृत महिलालाई 53 वर्षीय रिंकु तरफदारको रूपमा चिन्हित गरिएको छ जो पेशा प्यारा टिचर थिइन् अनि हालैमा उनलाई बूथ लेभल अफिसर (बीएलओ)-को जिम्मेवारी सुम्पिइएको थियो। उनको शव घरको कोठाभित्र झुण्डिरहेको अवस्थामा भेटियो। परिवारको भनाइ अनुसार रिंकु देवी कम्प्यूटरमा काम गर्नमा त्यति सक्षम थिइनन्। वर्तमानमा एसआईआर (विशेष गहन पुनरीक्षण) प्रक्रिया अन्तर्गत लगातार बढ्दो निर्देश, समय-सीमाको दबाव अनि अधिकारीहरूको फोनमा लगातार काम गर्ने मागले उनको मानसिक सन्तुलन बिग्रिएको थियो। त्यसैले उनि केही दिनदेखिको तनाउग्रस्त थिईन्। सही ढंगमा सुत्न सकिरहेकी थिइनन् साथै अत्यधिक चिन्ताको कारणले उनको सामान्य जीवन पनि प्रभावित भएको थियो। पुलिसले मामिलाको जाँच शुरू गरेको छ।

## सर्वभाषा कवि सम्मेलन

अल इण्डिया रेडियो, आकाशवाणीद्वारा आयोजित सर्वभाषा कवि सम्मेलन आगामी 23 नोभेम्बरमा दिल्लीमा भव्य रूपमा सम्पन्न हुँदैछ। भारत सरकारले मान्यता दिएको २२ भाषासहित, हिन्दीको दुइटा प्रतिनिधित्व रहने भएकाले यस वर्ष कुल २३ जना कविहरूले सम्मेलनमा काव्यपाठ गर्नेछन्।दार्जिलिङका चर्चित साहित्यकार तथा शिक्षक कमल भट्टराईको कविता 'आगो' यसपटक नेपाली भाषातर्फबाट चयन गरिएको छ। कार्यक्रममा सहभागी सबै भाषाका कविहरूसँगै उहाको कविताका हिन्दी अनुवादकहरू पनि उपस्थित रहनेछन्। नेपाली भाषाका लागि अनुवादक सङ्गिता वर्मा रहनेछन्। उहाको चयनले नेपाली भाषाको साहित्यिक उपस्थिति राष्ट्रिय स्तरमा अझ सशक्त रूपमा चिनिने विश्वास व्यक्त गरिएको छ।

## मेलो टी फेस्ट

दार्जिलिङ पुलिस र मेलो टी फेस्ट आयोजक समितिले आज एक पत्रकार सम्मेलन गरेर तेस्रो संस्करणको मेलो टी फेस्ट,आगामी ११ डिसेम्बर देखि  देखि शुरू भएर १४ डिसेम्बरमा अन्त्य हुने भएको जानकारी गराएका छन्।

यस वर्षको कार्यक्रममा डी-रक (ओपन रक म्यूजिक प्रतियोगिता), डी-रन (म्याराथन), डी-हाइक (ट्रेलमा पैदल यात्रा), डी-बर्ड वाच (चरा हेर्ने), डी-एमटीबी (माउन्टेन बाइक प्रतियोगिता), डी-स्टार्टअप (उद्यमीहरूको लागि आफ्नो व्यापार प्रदर्शन

गर्ने प्लेटफर्म), डी-क्रिएट (नयाँ सिर्जनाकर्ताहरूको लागि डिजिटल मिडिया प्लेटफर्म) समावेश गरिएको पनि आयोजक समितिले जनाएका छन्।आयोजक समिति र पुलिस प्रशासनले सबैसित महोत्सवमा सहभागी हुन र भाग लिन अपील गरेको छ। यस विषयमा दार्जीलिङ्ग जिल्ला पुलिस (एस पी) प्रवीण प्रकाशले विस्तृत रूपमा जानकारी दिएका छन्।

**"साहित्याञ्जली" लोकार्पण**

परम आराध्य भगवान् श्री सत्य साई बाबाको शतबार्षिकीको पावन अवसरमा सर्वधर्ममा आधारित आध्यात्मिक पत्रीका "साहित्याञ्जली"को आज मिरिकको फुवागडीमा लोकार्पण गरियो। शिला लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मुख्य अतिथिको रुपमा उपस्थित वरिष्ठ साहित्यकार अमर दुङमाली, बिशिस्ट अतिथि हास्यव्यंग्यकार सुदर्शन प्रधान अम्बटे , पि एल जोशी ,दीप जोशी अशोक मोक्तान, सुकबहादुर गजमेर, प्राध्यापक बिनेश प्रधान अनि सयोजक जिनर घतानीको बाहुलीबाट पुस्तकको लोकार्पण गरियो। फुवागडी चियाबारीबाट प्रकाशित समसामयिक साहित्य संगालोमा ६५ वटा विभिन्न मौलिक लेखहरु समावेश छन जसमा प्रधान सम्पादक श्रीमती शिला लामा , अतिथि सम्पादक प्रा. बिनेश प्रधान , सह सम्पादक - सन्जीत तामाङ , संयोजक जीनर घतानी रहेका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरुले आधुनिक प्रबिधिको युगमा पत्रपत्रीका अनि साहित्यिक कृतिहरु पढ्ने पाठकहरुको संख्या धेरै कम्ती भईरहेको अवस्थामा "साहित्याञ्जली" ले युवा तथा प्रौढ पाठकहरुमा उर्जा प्रदान गरेको बताए ।

**तारा सुन्दास**

माकपा नेता तारा सुन्दासले राष्ट्रिय राजमार्ग १० को वर्तमान दुर्दशापूर्ण अवस्थाबारे जानकारी गराउँदै कालेबुङ र सिक्किमका जनताको सहज यातायात सुविधाको लागि वैकल्पिक मार्ग निर्माणको आवश्यकता अत्यन्तै जरुरी रहेको उल्लेख गर्दै सरकारसँग तत्काल उपाय अपनाउने माग गरेका छन् ।